# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्बन्धित विवरण








२०७३ चैत

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।

# भूमिका

मुलुकको केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंकले आफ्ना काम कारवाहीहरु सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नु आवश्यक हुन्छ । यसका लागि विगतदेखि नै बैंकले नियमित रुपमा विभिन्न सामग्री प्रकाशन गरिरहेको छ । यसका साथै बैंकको वेबसाइट www.nrb.org.np समेत सञ्चालनमा रहेको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायका काम कारवाहीलाई खुला र पारदर्शी बनाउनु पर्ने हुन्छ । यस ऐनले सार्वजनिक निकायका नीतिगत, प्रक्रियागत तथा व्यवस्थापकीय गतिविधि समेटेर विवरणहरु सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । सोही प्रावधान बमोजिमका विषयवस्तु समेटी यो पुस्तिका प्रकाशन गरिएको छ ।

यो पुस्तिका प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने सम्बन्धित विभागका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

कार्यकारी निर्देशक
तथा
प्रवक्ता एवं सूचना अधिकारी

मितिः २०७३ चैत

# विषय सूची

**विवरण** **पेज नं.**


१. नेपाल राष्ट्र बैंक ........ १
२. संगठनात्मक स्वरुप ........ २
३. नेपाल राष्ट्र बैंकको संगठनात्मक स्वरुप र कर्मचारी संख्या ........ २
४. कार्य क्षेत्र ........ ३
५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा ........ ३
६. विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पूर्ण टेलिफोन नम्बर ........ ४
७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ५
८. निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ ५
९. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ५
१०. सम्पादन गरेको कामको विवरण ........ ६
११. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर ........ ८
१२. ऐन नियम र निर्देशिकाको सूची ........ ८
१३. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण ........ १०
१४. अन्य विवरण ........ १०

## १. नेपाल राष्ट्र बैंक

(क) परिचय

नेपाल राष्ट्र बैंक ऐन (दोश्रो संशोधन), २०५८ अनुसार मुलुकको केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले आफ्नो काम कारबाही गर्दै आएको छ । नेपाली मुद्राको निस्कासन, बैंकिङ तथा वित्तीय क्षेत्रको नियमन, निरीक्षण, सुपरिवेक्षण, अनुगमन, मूल्य स्थिरता, शोधनान्तर स्थिरता, विदेशी विनिमय व्यवस्थापन, आर्थिक अनुसन्धान तथा अन्वेषण, बैंकिङ तथा भुक्तानी प्रणालीको विकास लगायतका क्षेत्रमा नेपाल राष्ट्र बैंकले कार्य गर्दछ । नेपाल राष्ट्र बैंक नेपाल सरकारको आर्थिक सल्लाहकार पनि हो ।

(ख) दूरदृष्टि

आधुनिक, गतिशील, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकको रुपमा स्थापित हुने दूरदृष्टि यस बैंकले लिएको छ ।

(ग) लक्ष्य

मौद्रिक, विदेशी विनिमय र वित्तीय क्षेत्रसम्बन्धी सबल (sound) र प्रभावकारी नीतिका माध्यमबाट समग्र आर्थिक स्थिरता हासिल गर्ने ।

(घ) उद्देश्य

नेपाल राष्ट्र बैंक (दोश्रो संशोधन) ऐन, २०७३ मा नेपाल राष्ट्र बैंकका उद्देश्यहरु देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) आर्थिक स्थायित्व[१] र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,

(ख) वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्ने,


(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने ।

उपरोक्त उद्देश्यमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

[१] दोश्रो संशोधनद्वारा संशोधित

## २. संगठनात्मक स्वरुप

नेपाल राष्ट्र बैंकको संगठन तालिका यस प्रकार रहेको छ :




## ३. नेपाल राष्ट्र बैंकको संगठनात्मक स्वरुप र कर्मचारी संख्या:

नेपाल राष्ट्र बैंकको २०७३ सालको स्वीकृत दरबन्दी यस प्रकार रहेको छ :

| तह | संख्या |
|---|---|
| अधिकृत विशिष्ट | १७ |
| अधिकृत प्रथम | ५० |
| अधिकृत द्वितीय | १८२ |
| अधिकृत तृतीय | ५५५ |
| सहायक प्रथम | ७३ |
| सहायक द्वितीय | २२५ |
| सहायक तृतीय | ८० |
| कार्यालय सहयोगी प्रथम | ५४ |
| कार्यालय सहयोगी द्वितीय | ३१ |
| कार्यालय सहयोगी तृतीय | ८ |
| कार्यालय सहयोगी चतुर्थ | ६२ |
| *कुल स्वीकृत दरबन्दी* | *१३३७* |

२०७३ चैत मसान्तसम्म कार्यरत कुल कर्मचारी संख्या : ११९१

## ४. कार्य क्षेत्र

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन) मा नेपाल राष्ट्र बैंकका कार्यहरु देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) बैंक नोट तथा सिक्का निष्कासन गर्ने,

(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,

(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,

(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,

(ङ) विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,

(च) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैकिङ तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नेपाल सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टको रुपमा कार्य गर्ने,

(ज) वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने,

(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने,

(झ)[२] तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुला बजार कारोबार सञ्चालन गर्ने, र

(ञ) बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंकले गर्नु पर्ने अन्य आवश्यक कार्यहरु कार्यान्वयन गर्ने, गराउने ।

## ५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा

(क) माथि बुँदा नं. ४ मा उल्लिखित कार्य क्षेत्र अन्तरगतका कार्यहरु,

(ख) सरकारी कारोबार अन्तर्गत सर्वसाधारणलाई बैंकिंग सेवा प्रदान गर्ने,

(ग) सर्वसाधारणलाई नेपाली रुपैया सटही सुविधा उपलव्ध गराउने,

(घ) सर्वसाधारणलाई विदेशी मुद्रा सटही सुविधा उपलव्ध गराउने,

(ङ) बैंकको दैनिक प्रशासन सम्बन्धी कार्यहरु ।

[२] दोश्रो संशोधनद्वारा संशोधित

## ६. विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पूर्ण टेलिफोन नम्बर

| सि.नं. | जिम्मेवार अधिकारी | विभाग/महाशाखा/कार्यालय | टेलिफोन नम्बर |
|---|---|---|---|
| १. | कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनी | राष्ट्र ऋण व्यवस्थापन विभाग | ०१-४१०१७४२ |
| २. | कार्यकारी निर्देशक श्री नारायणप्रसाद पौडेल | बैंक तथा वित्तीय संस्था नियमन विभाग | ०१-४४११४०७ |
| ३. | कार्यकारी निर्देशक श्री नरबहादुर थापा | अनुसन्धान विभाग | ०१-४४११६३८ |
| ४. | कार्यकारी निर्देशक श्री जनक बहादुर अधिकारी | बैंकिङ कार्यालय | ०१-४२२६८३२<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| ५. | कार्यकारी निर्देशक श्री भिष्मराज ढुंगाना | विदेशी विनिमय व्यवस्थापन विभाग | ०१-४४१२२०४<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| ६. | कार्यकारी निर्देशक श्री लक्ष्मीप्रपन्न निरौला | विकास बैंक सुपरिवेक्षण विभाग | ०१-४४१२३०७<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| ७. | कार्यकारी निर्देशक डा. शंकरप्रसाद आचार्य | संस्थागत योजना विभाग | ०१-४४४१०४३<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| ८. | कार्यकारी निर्देशक श्री महेश्वर लाल श्रेष्ठ | बैंक सुपरिवेक्षण विभाग | ०१-४४१७४९७<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| ९. | कार्यकारी निर्देशक श्री भुवन कडेल | मुद्रा व्यवस्थापन विभाग | ०१-४२२७२८३<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| १०. | कार्यकारी निर्देशक श्री रमेशकुमार पोखरेल | सामान्य सेवा विभाग विभाग | ०१-४४११८३७<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| ११. | का.मु. कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के | भुक्तानी प्रणाली विभाग | ०१-४४१९- ८०४<br>(८०५-८०७) १२० |
| १२. | का.मु. कार्यकारी निर्देशक श्री उपेन्द्रकुमार पौडेल | लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | ०१-४४१२८२३<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| १३. | का.मु. कार्यकारी निर्देशक श्री एजिन्द्र प्रसाद लुइटेल | वित्त कम्पनी सुपरिवेक्षण विभाग | ०१-४४१४९९६<br>०१-४४१९- ८०४<br>(८०५-८०७) |
| १४. | का.मु.कार्यकारी निर्देशक श्री भुवनेश पन्त | गभर्नरको कार्यालय | ०१-४४१९- ८०४<br>(८०५-८०७) ३२० |

| | | | |
|---|---|---|---|
| १५. | का.मु. कार्यकारी निर्देशक डा. बामदेव सिग्देल | वित्त व्यवस्थापन विभाग | ०१-४४११६२२<br>०१-४४१९- ८०४ (८०५-८०७) |
| १६. | का.मु कार्यकारी निर्देशक श्री वासुदेव अधिकारी | आन्तरिक लेखा परिक्षण विभाग | ०१-४४३३३६५ |
| १७. | का.मु. कार्यकारी निर्देशक श्री गोपाल प्रसाद भट्ट | जनशक्ति व्यवस्थापन विभाग | ०१-४४१४०१४ |
| १८. | निर्देशक श्री झलक शर्मा आचार्य | समस्याग्रस्त संस्था रिजो. महाशाखा | ०१-४४१५२९५ |
| १९. | निर्देशक श्री ऋषिकेश भट्ट | वित्तीय जानकारी इकाई | ०१-४४१९- ८०४ (८०५-८०७) १२१ |
| २०. | निर्देशक श्री रामहरि न्यौपाने | कानून महाशाखा | ०१-४४४३८९५ |
| २१. | निर्देशक श्री शिवराम दवाडी | सूचना प्रविधि विभाग | ०१-४४१९- ८०४ (८०५-८०७) |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुरः सामान्यतयाः यस बैंकबाट प्राप्त हुने सेवा प्राप्त गर्नका लागि टिकट वा दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । यस बैंकबाट इजाजतपत्र प्रदान गर्ने सिलसिलामा भने तोकिएबमोजिमको शुल्क बुझाउनु पर्ने हुन्छ ।

(ख) सेवा प्राप्त गर्न लाग्ने अवधि : सेवा प्राप्त गर्न यस बैंकबाट जारी निर्देशिका, सूचना र बडापत्रमा उल्लेख भएबमोजिमको अवधि लाग्नेछ ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस बैंकमा गरिने निर्णयहरु सामान्यतयाः नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ बमोजिम हुने गर्दछन् । नीतिगत निर्णयको हकमा भने सामूहिक निर्णय प्रक्रिया अवलम्बन हुने गर्दछ । मौद्रिक नीति लगायत अन्य महत्वपूर्ण नीति निर्माण गर्दा गभर्नरको अध्यक्षतामा रहेको व्यवस्थापन समितिमा विस्तृत छलफल गरी सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ । वित्तीय क्षेत्रलाई नियमन गर्न जारी गरिने निर्देशन तथा परिपत्रहरुका सम्बन्धमा वरिष्ट डेपुटी गभर्नरको संयोजकत्वमा रहेको नियमन समितिको सिफारिसमा गभर्नरबाट अन्तिम स्वीकृति प्रदान हुने व्यवस्था रहेको छ ।

नीति निर्देशन कार्यान्वयन एवम् कारवाहीका सम्बन्धमा सम्बन्धित डेपुटी गभर्नरको अध्यक्षतामा रहेको नीति निर्देशन कार्यान्वयन समितिमा छलफल भई गभर्नर वा सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णय उपर उजुरी सुन्ने अधिकारी निर्णय गर्ने अधिकारी भन्दा एक तह माथिको अधिकारी वा निकाय हुनेछ ।

## १०. सम्पादन गरेको कामको विवरण

(क) मौद्रिक नीति अन्तर्गतका कार्यहरुको प्रगति विवरण (आर्थिक वर्ष २०७३/७४)

| क्र.सं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७३/७४ को बजेटमा उल्लेख भएबमोजिम उपभोक्ता मुद्रास्फीति दरलाई ७.५ प्रतिशतको सीमाभित्र कायम गर्ने । | आर्थिक वर्ष २०७३/७४ को चैत महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.८ प्रतिशत रहेको छ ।<br>आधार मूल्य प्रभाव, आपूर्ति व्यवस्थापनमा सुधार र भारतमा समेत उपभोक्ता मुद्रस्फीतिदर घट्दै गएको कारण मुद्रास्फीति घटेको हो । |
| २ | कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्नसक्ने विदेशी विनिमय सञ्चिति कायम गर्ने । | आर्थिक वर्ष २०७३/७४ को ९ महिनासम्ममा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति रु.१०५७.३८ अर्बले १३.३ महिनाको वस्तु आयात र ११.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । |
| ३ | ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउन आवश्यक मौद्रिक तरलताको व्यवस्था गर्ने । | आर्थिक वर्ष २०७३/७४ को ९ महिनामा कुल आन्तरिक कर्जा ९ प्रतिशतले बढेको छ । यस अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी १५.५ प्रतिशतले बढेको छ । |
| ४ | विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १७.० प्रतिशतको हाराहारीमा कायम राख्ने । | आर्थिक वर्ष २०७३/७४ को चैत मसान्तसम्ममा मुद्राप्रदायको वृद्धिदर ९.८ प्रतिशत रहेको छ । |
| ५ | निजी क्षेत्रतर्फको कर्जा २५ प्रतिशतले बढ्ने । | आर्थिक वर्ष २०७३/७४ को चैत मसान्तसम्ममा निजी क्षेत्रतर्फ लगानीमा रही रहेको कर्जाको वृद्धिदर १५.६ प्रतिशत रहेको छ । |

(ख) आर्थिक वर्ष २०७३/७४ को चैत महिनासम्ममा सम्पन्न प्रमुख कार्यहरुः

१. **मौद्रिक व्यवस्थापनः** आर्थिक वर्ष २०७३/७४ को ९ महिनासम्ममा खुलाबजार कारोबार मार्फत यस बैंकले रु. १०१ अर्ब १० करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् कुल रु. ३६ अर्ब ८५ करोड र रिभर्स रिपोमार्फत् रु. ६४ अर्ब २५ करोड तरलता प्रशोचन भएको छ । आर्थिक वर्ष २०७३/७४ को ९ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३ अर्ब ३ करोड खुद खरिद गरी रु. ३२४ अर्ब ५६ करोड तथा रिपो बोलकबोल मार्फत् (ब्याजदर करिडोर अन्तर्गतको रु.५ अर्ब ४० करोड सहित) रु.३३ अर्ब २१ करोड बराबरको तरलता प्रवाह गरेको छ । आर्थिक वर्ष २०७३/७४ को ९ महिनामा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुमा रु. ६१ अर्ब ७४ करोडको स्थायी तरलता प्रवाह भएको छ ।

२. **विदेशी विनिमय व्यवस्थापनः** कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट १.७ प्रतिशतले वृद्धि भई २०७३ चैत मसान्तमा रु. १०५७ अर्ब ३८ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७३ असार मसान्तको तुलनामा २०७३ चैत मसान्तमा ०.८ प्रतिशतले वृद्धि भई रु. ८९४ अर्ब १६ करोड पुगेको छ । त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ७.२ प्रतिशतले वृद्धि भई रु. १६३ अर्ब २२ करोड पुगेको छ । आर्थिक वर्ष २०७३/७४ को ९ महिनासम्ममा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १३.३ महिनाको वस्तु आयात र ११.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

३. **मर्जर तथा प्राप्तिको परिणामस्वरुप** नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७३ चैत मसान्तसम्ममा १६५ रहेको छ । यसमा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त विकास बैंकहरुको संख्या क्रमशः २८, ५४, ३३ र ५० रहेको छ । वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर नीति, बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८ कार्यान्वयनमा आएपछि क्रमशः मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरुको संख्या बढ्दै गएको छ । २०७३ चैत मसान्तसम्मा कुल १३६ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रकृयामा सामेल भई ९२ वटा संस्थाहरुको इजाजत खारेज हुन गई ४४ संस्था कायम भएका हुन् ।

४. **वित्तीय सेवाको माग** पक्षलाई सुदृढीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम र विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस आर्थिक वर्षमा २०७३ चैतसम्म ३९ वटा वित्तीय साक्षरता कार्यक्रम र ६ वटा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सञ्चालन भइसकेका छन् । यसबाट मुलुकका विभिन्न ग्रामीण क्षेत्रका महिला, गरिब, विद्यार्थी तथा पिछडिएको वर्गका सर्वसाधारण लाभान्वित भएका छन् ।

५. **अनुसन्धानः** यस बैंकको अनुसन्धान विभागले मुलुकको प्रमुख आर्थिक तथा वित्तीय सूचकाङ्कहरुको जानकारी दिने मासिक प्रकाशन -'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' को चैतसम्मको अङ्क सार्वजनिक गरेको छ ।

यस बैकबाट विभिन्न आर्थिक वर्षमा भएका काम कारवाहीको विस्तृत विवरण निम्न अनुसारको लिंकमा गई हेर्न सकिने व्यवस्था गरिएको छ ।

http://nrb.org.np/ofg/events_ofg_cms/Key%20Note%20remarks.pdf
http://nrb.org.np/ofg/current_macroeconomic/CMEs_Eleven%20_Months_%20Nepali_2072-73%20final.pdf
http://nrb.org.np/ofg/monetary_policy/Monetary_Policy_(in_Nepali)--2073-74_(Summary)-new.pdf
http://nrb.org.np/ofg/monetary_policy/Monetary_Policy_(in_Nepali)--2073-74_(Full_Text)-new.pdf
http://nrb.org.np/red/publications/annual_reports/in_Nepali--2071-72-New.pdf

## ११. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बरः

प्रमुखः
गभर्नर डा. चिरंजीबि नेपाल
फोन नं.: ०१-४४१०३८६
०१-४४१९-८०४
(८०५-८०७)

सूचना अधिकारी तथा प्रवक्ता :
कार्यकारी निर्देशक श्री नारायण प्रसाद पौडेल
फोन नं.: ०१-४४११४०७
०१-४४१९-८०४
(८०५-८०७)

सह-प्रवक्ता तथा सञ्चालक समितिका सचिव :
निर्देशक श्री राजेन्द्र पण्डित
फोन नं.: ०१-४४१९-८०४
(८०५-८०७)

सहायक सूचना अधिकारी :
उप-निर्देशक श्री शम्भुनाथ ढुङ्गाना
फोन नं.: ०१-४४१९-८०४
(८०५-८०७)

## १२. ऐन नियम र निर्देशिकाको सूची

**ऐनहरु**

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन २०७३ सहित) ।
२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) ।
३. बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन, २०५८ ।
४. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ (संशोधन सहित) ।
५. राष्ट्र ऋण ऐन, २०५९ ।
६. कम्पनी ऐन, २०६३ ।
७. दामासाही ऐन, २०६३ ।
८. सुरक्षित कारोबार ऐन, २०६३ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ।
१०. सार्वजनिक खरिद ऐन, २०६३ ।
११. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ ( दोश्रो संशोधन २०७०) ।
१२. बैकिङ कसुर तथा सजाय ऐन, २०६४ (पहिलो संशोधन २०७३) ।
१३. सूचनाको हक सम्बन्धी ऐन, २०६४ ।

**विनियमावली तथा निर्देशिका**

१. खुला बजार कारोबार विनियमावली, २०७१ ।
२. नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन सहित)।
३. भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२ (प्रथम संशोधन २०७३ सहित) ।
४. समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली, २०७१ ।

५. वित्तीय मध्यस्थता सम्बन्धी विनियमावली, २०५६ ।
६. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ ( दोश्रो संशोधन २०७२ सहित) ।
७. नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८।
८. नेपाल राष्ट्र बैंक बजेट निर्देशिका, २०६१ (दोश्रो संशोधन २०७२ सहित) ।
९. नोट छपाइ तथा सिक्का टकमरी निर्देशिका, २०६५ ।
१०. ऋणपत्रको प्राथमिक तथा दोश्रो बजार व्यवस्थापन नियमावली, २०६१ ।
११. राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०६० ।
१२. नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८ सहित) ।
१३. नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ ।
१४. बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ ।
१५. नेपाल राष्ट्र बैंक कार्य व्यवस्था विनियमावली, २०५९ ।
१६. राष्ट्र ऋण नियमावली, २०५९ (दोश्रो संशोधन २०६७ सहित) ।
१७. नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९ ।
१८. नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ ।
१९. नेपाल राष्ट्र बैंक नोट सट्टाभर्ना नियमावली, २०५९ ।
२०. नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९ ।
२१. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७० ।
२२. नेपाल राष्ट्र बैंक संचालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३ ।
२३. नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ ।
२४. नेपाल राष्ट्र बैंक कागजात धुल्याउने विनियमावली, २०६४ ।
२५. नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्बन्धी कार्यविधि, २०६२ (संशोधन सहित) ।
२६. Nepal Rastra Bank IT Policy, 2068
२७. विदेशी बैंकका शाखा स्थापना सम्बन्धी नीति, २०६६ ।
२८. अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७ ।
२९. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०७० ।
३०. बिदेशी विनिमयमा ऋण लिने दिने सम्बन्धी व्यबस्था ।
३१. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ ।
३२. लघुवित्त नीति, २०६४ ।
३३. ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९ ।
३४. BOP Manual, 2061
३५. अन्तर बैंक भुक्तानी सम्बन्धि कार्यविधि २०७३ ।
३६. Assets (Money) Laundering Prevention Rule, 2016
३७. मौद्रिक नीति तर्जुमा कार्यविधि, २०७३ ।
३८. नेपाल राष्ट्र बैंक विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी कार्यविधि, २०७२ ।
३९. नेपाल राष्ट्र बैंक खर्च व्यवस्थापन विनियमावली २०६४ (संशोधन सहित) ।
४०. Foreign Currency Loan Policy 2059

## १३. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

बैं.फा.५८४

**नेपाल राष्ट्र बैङ्क**

२०७३ चैत ३१ गतेको मासिक वासलात (अपरिष्कृत)

नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ दफा ९५ (२) बमोजिम

**मुद्रा व्यवस्थापन विभाग**

| दायित्व | रु. | रु. | सम्पत्ति | रु. | रु. |
|---|---|---|---|---|---|
| १. बैंकिङ्ग अफिसमा नोट मौज्दात | १०,२९९,३५३,२३१ | | १. विदेशी मुद्रा र सेक्युरिटी | | ४१४,८६२,०६७,००० |
| २. चलन चल्तीमा रहेको नोट | ४०४,५७०,७१३,७६९ | | | | |
| जम्मा निष्काशित नोट | | ४१४,८६२,०६७,००० | | | |
| **जम्मा दायित्व** | | **४१४,८६२,०६७,०००** | **जम्मा सम्पत्ति** | | **४१४,८६२,०६७,०००** |

**बैंकिङ्ग विभाग**

| इक्विटी तथा दायित्व | रु. | सम्पत्ति | रु. |
|---|---|---|---|
| १ पुँजी | ३,०००,०००,००० | १ नोट | १०,२९९,३५३,२३१ |
| २ साधारण जगेडा कोष | २३,७५४,९९९,८८५ | २ रेजकी | - |
| ३ मौद्रिक दायित्व कोष | ४,९१९,५१३,११८ | ३ विदेशी मुद्रा | २२,१६२,८५२,१०८ |
| ४ विकास कोषहरु | १८,१५१,२४६,१११ | ४ विदेशी बैंक मौज्दात | ९२,०९३,१२९,८०१ |
| ५ स.का.ए. विकास कोष | - | ५ एस.डी.आर. सम्पत्ति | १७८,८५९,११२ |
| ६ साटही समिकरण कोष | ८२,५७४,४१३,६०७ | ६ विदेशी लगानी | ११९,३०३,२७१,४५५ |
| ७ सुनचाँदी समिकरण कोष | १०,१८८,७६७,८५३ | ७ खरिद र डिस्काउण्ट गरेको बिल | |
| ८ सेक्युरिटी पुनर्मूल्यांकन कोष | (४,७५७,४११) | (क) स्वदेशी | ७६,४३०,४५१ |
| ९ निक्षेप | | (ख) विदेशी | १,४४३,४०० |
| (क) नेपाल सरकार | २१४,०१८,२३८,५९४ | ८ लगानी | |
| (ख) वाणिज्य बैंकहरु | १५४,८०२,९११,६८८ | क. विदेशी सेक्युरिटी | २६२,४५०,६७०,७१७ |
| (ग) विशेष निक्षेप | - | ख. नेपाल सरकारको सेक्युरिटी | ६४,९७१,९७२,०५८ |
| (घ) अन्य | ४३,७२३,७८९,९७६ | ग. वित्तीय र संस्थाहरुको सेक्युरिटी | ३,४४८,५७१,८७० |
| १० भुक्तानी दिनुपर्ने बिल | ३३६,१८५,७१० | घ. गिरो विदेशी | - |
| ११ ने.रा.बैं. ऋणपत्र हिसाब | ३१,४८१,६७५,००० | ङ. अन्य संस्थाहरुको सेक्युरिटी | ३१,०००,००० |
| १२ विक्रीगर्ने सेक्युरिटी बापतको दायित्व | - | ९. कर्जा र सापट | |
| १३ एस.डी.आर. कोषबाट | ९,८४८,२११,६०९ | क. नेपाल सरकारलाई | - |
| १४ अन्य दायित्व | १५,६५२,८५८,११२ | ख. वाणिज्य बैंकहरुलाई | ९,११०,५५९,४२८ |
| | | ग. वित्तीय संस्थाहरुलाई | १,१४३,६१६,१२९ |
| | | घ. स्थायी तरलता सुविधा | - |
| | | ङ. अन्य कर्जा र सापट | ४,२११,५७६,१४१ |
| | | १० सुन मौज्दात | १,४३९,११४,०२१ |
| | | ११. अन्य सम्पत्ति | २१,५२१,७६७,७१० |
| **जम्मा इक्विटी तथा दायित्व** | **६३२,५१६,२१६,५३३** | **जम्मा सम्पत्ति** | **६३२,५१६,२१६,५३३** |

| (हिरन्यसिंह पोखेल) | (नविना दकाल) | (पुन्हाद थापा) | (तेजबहादुर राना मगर) |
|---|---|---|---|
| सहायक निर्देशक | उप निर्देशक | का.मु. निर्देशक | का.मु.कार्यकारी निर्देशक |

## १४. अन्य विवरण

(क) नेपाल राष्ट्र बैंकको वेबसाइट : www.nrb.org.np

(ख) अन्य प्रकाशित पुस्तक/पुस्तिका एवं सूचना सामग्रीहरु

नेपाल राष्ट्र बैंक समाचार – मासिक

मिर्मिरे– द्वैमासिक

देशको वर्तमान आर्थिक स्थिति – मासिक

मौद्रिक नीति – वार्षिक

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा – अर्ध वार्षिक

वार्षिक प्रतिवेदन– वार्षिक

NRB Economic Review– अर्धवार्षिक

Macroeconomic Indicators– त्रैमासिक

वासलात– मासिक

Nepal Rastra Bank: Then, Now and Ahead; April 2016

विद्यार्थीसंग नेपाल राष्ट्र बैंक, २०७० पुस

(ग) केन्द्रीय कार्यालय, बालुवाटरका एक्सचेन्जका नम्बरहरु

४४१९८०४/८०५/८०६/८०७

बैंकिङ कार्यालय काठमाडौ, थापाथलीका एक्सचेन्जका नम्बरहरु

४१०१७२०/७२१/७२२/७२३/७२४

(घ) उपत्यका बाहिरका कार्यालयका टेलिफोन नम्बरहरु

| सि.नं. | कार्यालयको नाम | स्थान | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १. | ने.रा.बैंक, विराटनगर कार्यालय | विराटनगर | ०२१-५२६-५२२ | ०२१-५२६-५१९ |
| २. | ने.रा.बैंक, जनकपुर कार्यालय | जनकपुर | ०४१-५२०-३६२ | ०४१-५२०-३०२ |
| ३. | ने.रा.बैंक, वीरगंज कार्यालय | वीरगंज | ०५१-५२२-५९८ | ०५१-५२१-९०२ |
| ४. | ने.रा.बैंक, पोखरा कार्यालय | पोखरा | ०६१-४६५-११५ | ०६१-६६२-५६१ |
| ५. | ने.रा.बैंक, सिद्धार्थनगर कार्यालय | सिद्धार्थनगर | ०७१-५२०-३४४ | ०७१-५२०-१८९ |
| ६. | ने.रा.बैंक, नेपालगञ्ज कार्यालय | नेपालगञ्ज | ०८१-५२०-६८३ | ०८१-५२०-२२६ |
| ७. | ने.रा.बैंक, धनगढी कार्यालय | धनगढी | ०९१-५२७-७०१ | ०९१-५२१-३२२ |